Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np, daopyuthan2074@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
प्यूठान

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या: ०७७/०७८
चलानी नं. ४०६८

मिति : २०७८/०१/१४

विषय : जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्लास्थित स्थानीय तहहरु सबै,
प्यूठान ।

प्रस्तुत विषयमा मिति २०७८/०१/१४ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री खिमराज भुसालज्यूको अध्यक्षतामा सम्पन्न भएको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) बैठकको निर्णय पाना थान २(दुई) जानकारी एवं आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

२०७८/०१/१४
यज्ञराज अर्याल
सहायक प्रमुख जिल्ला अधिकारी

आज मिति २०७८ साल वैशाख १४ गते मंगलवारका दिन प्रमुख जिल्ला अधिकारी श्री खिमराज मुसालज्युको अध्यक्षतामा देहायका महानुभावहरुको उपस्थितिमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो —

उपस्थिति

1. प्रमुख श्री केशवराज आचार्य, जि.स.स. — सल्लाहकार
2. प्र.जि.अ. " खिमराज मुसाल, जिल्ला प्रशासन कार्यालय — अध्यक्ष
3. सेनानी " रकेश बस्नेत, इन्द्रध्वज गण — सदस्य
4. प्र.ना.उ. " सुशिल मल्ल, जिल्ला प्रहरी कार्यालय — "
5. स. प्र.ना.उ. " योग बस्नेत, सशस्त्र प्रहरी बल, क्षेत्रिय गुल्म — "
6. अ.अ. " श्याम कुमार गौतम, स.अ. जिल्ला कार्यालय — "
7. नि. स.अ. " बालकृष्ण थापा, जि.स.स. को कार्यालय — "
8. नि.का.प्र. " खिम प्रसाद पाँडे, प्युठान अस्पताल — "
9. स. प्र.जि.अ. " यज्ञराज अर्याल, जिल्ला प्रशासन कार्यालय
10. " " हरिगोपाल आचार्य, "

आमन्त्रित

1. नि.का.प्र. श्री मधुसुदन खड्का, स्वास्थ्य कार्यालय प्युठान
2. इकाई प्रमुख " शिवराज पाण्डे, शिक्षा विकास तथा समन्वय इकाई
3. ना.सु. " मञ्जु कुमारी शाह, जिल्ला प्रशासन कार्यालय

निर्णयहरु

१- मिति २०७८ वैशाख १२ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट भएका निर्णयहरु कार्यान्वयनलाई निरन्तरता दिने ।

२- जिल्ला भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा मिति २०७८ वैशाख १५ गते देखि २९ गतेसम्म विद्यालयको दैनिक प्रशासनिक कामहरु बाहेक भौतिक रुपमा शिक्षक विद्यार्थीहरु उपस्थित भै पठन पाठन, परीक्षा सञ्चालन लगायतका सम्पूर्ण शैक्षिक गतिविधिहरु बन्द गर्ने ।

३- जिल्ला स्तरीय आइसोलेसन सेन्टर निर्माण व्यवसायी संघ, प्युठानको नवनिर्मित भवनमा सञ्चालन गर्ने । प्युठान अस्पतालले चिकित्सक सहित स्वास्थ्यकर्मीहरुको dedicated Team तयार गरी उक्त आइसोलेसन सेन्टरमा खटाउने

४- कोभिड-१९ संक्रमणको पहिचान गर्न आवश्यक पर्ने Antigene Test kit जिल्लामा प्रयाप्त मौज्दात नभएकोले श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, लुम्बिनी प्रदेशमा उक्त Test kit माग गर्न स्वास्थ्य कार्यालय, प्युठानलाई निर्देशन दिने ।